# समयको खेल

*जीवन सुवेदी*

ऊ हाकिमको जुत्ताको औधी माया गर्थ्यो । बिहान तीनपल्ट प्रदक्षिणा गरेर प्रणाम गर्थ्यो । यो उसको नित्यकर्म थियो । किनभने उसलाई हाकिमको घरमा हाकिमसँग भेट्ने अनुमति दिइएको थिएन ।

हाकिमको निवासको पर्खालभित्र पस्नेबित्तिकै उसले एउटा भोटे कुकुरको अनुमति लिनुपर्दथ्यो । श्रद्धापूर्वक कुकुरलाई खुसी पार्न उसले प्रत्येक दिन झोलामा एक पाउ मासु लगेको हुन्थ्यो । त्यो हाकिमले पालेको कुकुर थियो, त्यसैले भुईंमा दिएको खाँदैनथ्यो । उसले एउटा कागजको 'प्लेट' पनि साथै लान्थ्यो । जब कुकुरले मासु खान पाउँथ्यो त्यसपछि मात्र पुच्छर हल्लाएर भित्र जाने अनुमति दिन्थ्यो ।

पहिलो तल्लामा पुगेपछि बार्दलीमा निस्कने ढोका थियो । बार्दलीबाट पूजा कोठामा पुगिन्थ्यो । आफ्नो कपडाको झोलाबाट एउटा प्लाष्टिकको झोला झिकेर नियमित रूपमा झुण्ड्याउने किलामा झुण्ड्याउँथ्यो । त्यसमा मौसमअनुसारका ताजा फलफूल र एउटा राम्रो फूलको माला हुन्थ्यो ।

त्यसपछि ऊ दोस्रो तल्लाको भान्सा कोठा अगाडि पुग्थ्यो र अर्को झोला झुण्ड्याउँथ्यो । त्यसमा मौसमअनुसारका तरकारी हुन्थ्यो । त्यसपछि ऊ सरासर हाकिमको कोठा अगाडि पुग्थ्यो । त्यहाँ वेतको च्याकमा सजाएर राखिएका थुप्रै जुत्तामध्ये एकजोर झिकेर नजिकैको वेतको कुर्सीमा राख्थ्यो । खल्तीबाट रुमाल झिक्थ्यो र सफासँग पुछ्थ्यो । अनि तीनपल्ट प्रदक्षिणा गरेर प्रणाम गरी जहाँको तहीँ राखेर हिंड्थ्यो । बाँकी काम अफिसमै हुन्थ्यो ।

ऊ शहरको हरतरहले 'क' श्रेणीको ठहरिएको अफिसमा काम गर्थ्यो । उसको हाकिम चाकडी मन नपर्ने देखाउन माहिर थियो । ऊ आफू सधैं चाकडीमा धाउँथ्यो । त्यसैले यो कुराको पोल नखुलोस् भनेर घरमा कुनै कर्मचारीलाई भेट्ने अनुमति दिएको थिएन ।

हाकिमको मूल्याङ्कनमा राम्रै देखिएर उसले अफिसको 'क' शाखामा काम गर्ने मौका पाएको थियो । वर्षौंदेखिको नित्यकर्मको फलस्वरूप उसले कहिल्यै पनि सरुवाको चक्करमा पर्नु परेन । शहरमा उसका दुई चार महल बनेका थिए । बस, ट्रक सेवा सञ्चालन भएका थिए । तर आफू भने सधै झुत्रो लुगा लगाएर पैदल हिंड्ने गर्दथ्यो । किनभने उसलाई आफ्नो कमाइप्रति आफैलाई त्रास थियो ।

उसकी श्रीमती कुशल गृहिणी थिइन् । घरको काम नोकर चाकरबाट सन्तुलित रूपमा गराउँथिन् । साह्रै सुवानकी थिइन् । लोग्नेलाई साह्रो वचनसम्म पनि लगाएको थाहा थिएन । लोग्ने आफ्नो कारोवारको हिसाब-किताब सकेर राति अबेरै घर फर्कंदा आवश्यक िवस्की र त्यसलाई सितनको रूपमा माछा मासुका परिवार ठीक पारेर राख्थिन् । त्यति नगरी उसलाई निद्रा पर्दैनथ्यो ।

ऊ श्रीमतीलाई औधी माया गर्थ्यो । उसको जीवनमा श्रीमतीको प्रवेशपछि भाग्य चम्किएको उसले स्वीकारेको थियो । दुई छोरा थिए उनीहरूका । सानैदेखि विदेशमा अध्ययन गर्दै थिए । बाबुले त चार पाँच वर्षदेखि देखेकै थिएन । किनकि ऊ नभएमा उसको कारोवार चौपट हुन्थ्यो । आमाचाहिं वर्षको दुईपल्ट गएर भेट्थिन् । वैभवशाली जीवन बितिरहेको थियो । अचानक एकदिन बिहान उठ्नेबित्तिकै श्रीमती रिङ्गटा लागेर खाटबाट लडिन् र बेहोश भइन् । उनलाई श्रीमान्ले आफ्नै मोटरमा हालेर शहरको 'क' श्रेणीको नर्सिङ्ग होममा पुऱ्यायो । उसले पुग्ने बित्तिकै डाक्टरलाई आग्रह गऱ्यो- डाक्टरसाहेब, मलाई पैसाको पर्वाह छैन । मेरी श्रीमतीको राम्रो उपचार हुनुपर्दछ । डाक्टरले भन्यो हुन्छ- हुन्छ, हामीलाई पैसाको महत्व थाहा छ । त्यसैले हामी धेरै ध्यान दिएर राम्रो उपचार गर्दछौं । तर तपाईं यहीं बस्नुस् । केही कुरा आवश्यक पर्नसक्छ कतै नजानुस् ।

बेहोश श्रीमतीको छेउमा रहेको एउटा कुर्सीमा ऊ बस्यो । डाक्टर, नर्स श्रीमतीको उपचारमा तल्लीन थिए । उसले केही बोलेन । उसको मनमा आज ठूलो निरासा छाएको थियो । उसको नित्यकर्म आज पहिलोपल्ट टुटेको

थियो । ऊ घरीघरी श्रीमतीको अनुहार हेर्थ्यो र तुरुन्त आँखा हटाउँथ्यो । झलक्क हाकिमको घरको कुकुर सम्झन्थ्यो । आज उसले मासु खान पाएन । हाकिमनीले फलफूल, माला चढाउन पाइनन् । हाकिमको घरमा बासी तरकारी पाक्ने भो । हाकिमको जुत्ताको धुलो कसले पुछ्यो होला । यहीं तर्कनाले ऊ नतमस्तक थियो ।

हाकिम खाना खाने समयमा घर फर्कियो । उसलाई आफ्नै कुकुरले भुक्यो । यो के अचम्म ! उसले यताउति हेर्‍यो । आज कुकुरको अगाडि कागजको प्लेट थिएन । उसले सोच्यो, आज कुकुरले मासु खान पाएन । ठूलो अपमान भएको महसुस गर्‍यो । आजसम्म उसको कुकुरले मासु खान नपाएको दिनै थिएन । उसलाई लाग्यो- उसको कुकुरले आज मालिकप्रति अविश्वास गर्‍यो होला । यही होलाको आधारमा उसले आफ्नो कर्मचारीप्रति पहिलोपल्ट मनमा अविश्वास सिर्जना गर्‍यो । ऊ आफ्नो समयमा अफिस पुग्यो । सेवकलाई बोलायो । विना सूचना अनुपस्थितिको खबरले ऊ जङ्गियो । आजै ‘क’ शाखाबाट ‘ख’ शाखामा सरुवा गरिदियो ।

बिरामीको होश खुलेको थिएन । उसले रातभर नर्सिङ्ग होमको सुविधा सम्पन्न कोठामा बितायो । भोलिपल्ट बिहान बिरामीको होश खुल्यो । डाक्टरले राम्रैसँग जाँचेपछि छातीको अपरेशनको तयारी गर्ने आदेश दियो । ऊ रगतको खोजीमा यताउति भौंतारियो । पैसाले रगत बेच्ने मानिस कहीं पाएन । पछि साथीहरूको घर-घरमा चहारेर रगत दानका कुपन सङ्कलन गरी रगत बैंकमा पुग्यो । आफूलाई चाहिने समूहको रगत नभएको जानकारी रगत बैंकले दिएपछि ऊ निरास भएर घर फर्कियो । मालिकको आगमनमा घरमा काम गर्ने नोकर ‘गोरे’ ले उत्साहपूर्वक मालिक्नीको हाल सोध्यो । निरासापूर्ण जवाफ सुनेपछि उसले भन्यो -हजुर, मेरो पाखुरीमा ताजा रगत छ, आमा समान मालिक्नीलाई म दिन तयार छु । गोरेको कुराले ऊ झस्कियो । हँ, मैले त यादै नगरेको भनेर गोरेलाई लिएर तुरुन्त हिंडिहाल्यो । रगत बैंकका कर्मचारीले तपाईं पनि दिनुस् एक पोका रगत आफ्नी श्रीमतीको लागि भनेपछि उसलाई याद भयो कि ऊसँग पनि रगत छ । तर परीक्षणमा उसको रगत दान गर्न अयोग्य ठहरियो । गोरेले नै दुई पोका रगत दियो जुन समूहसमेत मिलेको थियो । त्यसपछि ऊ सरासर नर्सिङ्गहोम पुग्यो र बसी रह्यो ।

आज पनि पूजाको लागि फलफूल आएन । हाकिम नित्यकर्मबाट घर फर्कनेबित्तिकै हाकिमनीले झम्टा दिइन् । न भान्सामा तरकारी थियो । उसलाई ठूलो अपमान भएको, कर्मचारीले नटेरेको महसुस भयो । उसले सोच्यो- आज पनि कुकुरले मासु खान पाएन । अफिस पुग्नेबित्तिकै बोलायो । तर ऊ उपस्थिति थिएन । उसले बडो धैर्यतापूर्वक ‘ग’ शाखामा सरुवा गरिदियो ।

भोलिपल्ट बिहानै अपरेशन गर्ने कोठामा बिरामी लगियो । उसले कुर्नुसिवाय गर्नसक्ने केही थिएन । प्रतीक्षा एवं तर्कनामा ऊ विह्वल थियो । हाकिमको घरको पीरले बिरामीको भन्दा बढी सताएको थियो । कारोवारको हिसाबकिताब तलमाथि हुने पीरले सताएको थियो । ऊ मनमनै भन्थ्यो - हे भगवान् ! मेरी श्रीमतीलाई केही नहोस्, मेरो त जीवन नै चौपट हुन्छ । एकैछिनमा उसलाई अपरेशन सफल भएको खबर दिइयो । ऊ साह्रै खुसी भयो । आँखा रसाएका थिए, हत्तपत्त पुछ्यो । आज उसलाई बिरामीसँग बस्ने अनुमति दिइएको थिएन । विशेष उपचार कक्षमा राखियो । ऊ अपरान्हतिर घर गयो । आज जीवनमा पहिलोपल्ट उसले गोरेलाई नरम स्वरले बोलायो ।

उता हाकिमनीले उग्र रडाको मच्चाइन् । नियमित सेवा बन्द भएकोले आफूले सबै सामान जोरजम्मा गरेर व्यवहार चलाउन नसक्ने धम्की हाकिमले पायो । श्रीमतीसँग केही बोल्ने हिम्मत उसमा थिएन । बडो अधैर्य भएर अफिस पुग्यो । संयोगवश कर्मचारीले उसको जुत्तामा हेरे जस्तो लाग्यो । उसको जुत्तामा धुलो पुछिएको थिएन । उसको धैर्यताको सीमा नाघ्यो । तुरुन्त केन्द्रमा पत्र लेखेर सेवकलाई कुनै टाढाको जिल्लामा सरुवा गरिदियो ।

लगातार पाँच दिनसम्म ऊ नित्यकर्ममा पनि जान पाएन । अफिस जान पनि भ्याएन । बिरामीको सेवामा लागिरह्यो । छैटौं दिनको दश बजे अफिस गएर सबै कुरा भनेर हाकिमसँग माफी माग्ने विचारले ऊ अफिस पुग्यो । तर पुग्नेबित्तिकै पियनले रमानापत्र बुझायो । हाकिमले भेट गर्नसम्म दिएन । उसले तुरुन्त राजीनामा लेख्यो । व्यहोरा थियो- ‘अब म जागिर खाएर हाकिमको उपकारको बदला तिर्न नसक्ने भएकोले राजीनामा स्वीकृत होस् ।’ ऊ सरासर नर्सिङ्गहोम पुग्यो । श्रीमतीसँग कुरा मिलाएर ऊ आफ्नो कारोवारमा संलग्न भयो ।

एक हप्तापछि श्रीमतीलाई घरमा लग्यो, हेरविचार गर्ने अरू कोही थिएन । उसले पूर्णतः गोरेको जिम्मामा छोड्यो । राति अबेरै घर फर्कन्थ्यो र साविक भ्कैं रक्सीको सेवनमा तल्लीन हुन्थ्यो । श्रीमतीले छोराहरूलाई लिएर आउन पटक-पटक आग्रह गरिन् । तर उसले 'तिमीलाई अलि ठीक होस् अनि जाउँला' भनेर टारी र्‍यो । ऊ आफ्नो कारोवार बिगार्न चाहँदैनथ्यो । बिहान उठ्नेबित्तिकै कारोवारमा जान्थ्यो र राति अबेर घर फर्कन्थ्यो । फर्कंदा बाहिरै रक्सी पिएर फर्कन थालेको थियो । श्रीमतीसँग दुःख-सुखका कुरा गर्ने फर्सद हुन छाडेको थियो ।

यसैक्रममा छ महिना बित्यो । छोराहरूलाई लिन जान हतार भैसकेको थियो । तर उसले आवश्यक रकम ड्राफ्ट बनाएर पठायो । आफू गएन । आमाको मन साह्रै कमजोर भएको थियो । आफू जानसक्ने हालतमा थिइनन्, त्यसैले चिन्ताले उनलाई खाँदै थियो ।

एकदिन रातिको कुरा हो, उनलाई अचानक दम बढेर सास फेर्न गाह्रो जस्तो भएर आयो । उनले श्रीमान्सँग अस्पताल लान आग्रह गरिन् । तर ऊ रक्सीको नसामा अर्धबेहोश थियो । ऊ नसाको सूरमा कराउन थाल्यो - मेरी प्यारी श्रीमती, म तिमीलाई भोलि नै अस्पताल लिएर जान्छु है । भोलि ' भोलि' । श्रीमतीलाई धेरै डाहा भयो, छटपटी भयो । गोरेलाई बोलाएर अस्पताल लैजा भन्न खोजिन्, तर बोल्न सकिनन् । उनी सहाराको लागि श्रीमान्को काखमा लडिन् । श्रीमान् पनि नसाको सूरमा लड्यो । दुवै बेहोश भएर लडे । बिहानपख आफ्नो छातीमा कुनै चिसो स्पर्शले ऊ बिउँभ्यो । त्यो चिसो वस्तु अरू कोही नभएर आफ्नै मुटुको टुक्रा थियो । आफ्नी प्यारी श्रीमतीको पार्थिव शरीर थियो । ऊ आत्तिएर जोडले करायो- सिर्जना'

गोरे त्यस घरको दोस्रो पुस्ताको नोकर थियो । ऊ असहाय बालकको रूपमा भौंतारिइरहेको बेला नौ वर्षको उमेरमा त्यस घरमा प्रवेश गरेको थियो । होचो कदको इमान्दार गोरे हालका मालिक-मालिक्नीभन्दा पाँच/सात वर्ष जेठो भए पनि मालिक्नीलाई आमाजस्तै श्रद्धा गर्दथ्यो । आज उसले आफूलाई फेरि टुहुरो भएको महसुस गर्‍यो । हिजो बेलुका उसलाई बोलाएको भए ऊ आफैं अस्पताल लिएर जान्थ्यो । आज यो भग्नावशेष देख्न पर्ने थिएन । उसले अत्यन्त चित्त दुःखायो ।

सिर्जनाका हातहरू खाग भएर जलेपछि सौंगातहरू पनि एकएक गरेर खरानी हुन थाले । ऊ नसाले दिनरात थाहा नपाउने भयो । बस ट्रकका मालिक कामदार नै बने । भाडामा लगाएका घरका मालिक घर भाडामा बस्ने नै बने । आफू बसेको घरको हेरचाह गोरेले गरिरहेको थियो । उसले छोराहरूको हेरचाह गर्न, कारोवार सम्हाल्न, निरास नहुन मालिकलाई धेरै आग्रह गर्‍यो । तर उसले जीवन एक्लो नीरस र कुण्ठितभएको महसुस गर्‍यो । आफ्नो सम्पत्तिप्रति वितृष्ण पैदा भयो । ठूलो पश्चाताप र आत्मग्लानि त्यसबखत भयो, जुनबेला उसको बेहोशीले श्रीमतीको ज्यान गयो ।

आफ्नो पुरानो साथीलाई बोलाएर उसले दश-बाह्र वर्षका आफ्ना छोरालाई घरमा भिकायो । त्यही रात सुटुक्क घर छोडेर ऊ बेपत्ता भयो, किनकि आफ्नी आमाको वियोगान्त कथा बालक छोरालाई सुनाउने हिम्मत उसमा थिएन ।

करिब बीस वर्षपछि पशुपतिमा एउटा दृश्य देखियो । एकजना वृद्ध मानिसले दुई जोडी नवदम्पतिलाई सबै मन्दिरहरू चिनाउँदै दर्शन गराउँदै थियो । उनीहरू आर्यघाटबाट राम मन्दिरतिर लागे । राम मन्दिरको पछाडिको सत्तलमा दुईजना लामा जटाधारी वृद्धबाबा खरानी धसेर, कालो कम्बलमा बेरिएर धुनी ताप्दै थिए । जाडोको याम, सुनसान बिहानीमा धेरै मानिस त्यहाँ नपुगेको बेला ती यात्रीप्रति बाबाहरूको ध्यान आकर्षित भयो । अचानक एक बाबा कम्बलले मुख छोपेर घोप्टो पर्‍यो । ती यात्री मन्दिरको दर्शन गरेपछि बाबा भएतिर गए । बाबाले बुढा मानिसलाई सोधे- बुढाबा, यी को हुन् तपाईंका ? बुढाले जवाफ दिए- यिनीहरूको विवाह सकिएको उपलक्ष्यमा यहाँ दर्शन गर्न आएका हौं । यी तपाईंका छोरा बुहारी हुन् । बुढाले जवाफ दिन नपाउँदै एक युवकले जवाफ दियो 'हो, बाबा हामी उहाँका छोरा बुहारी हौं । ल त हाम्रो विवाहको भोज खानोस् है' भनेर पचास रुपियाको नोट हातमा हालिदियो । अर्को बाबा किन सुतेको नि ? उहाँलाई पनि दिनुस् है भनेर अर्को पचास रुयियाँको नोट हातमा हालिदियो । त्यसपछि बिदा भएर ती यात्रीहरू त्यहाँबाट हिंडे ।

आफ्नो साथी बाबालाई बोलाउँदै भन्यो बाबाजी, तिमीलाई पनि पैसा छाडेको छ लिऊ । क्या ! दिलदार मानिस रहेछन्, भनेर बाबालाई उठायो । उसका आँखाबाट आँसु बगिरहेका थिए । आश्चर्यचकित भएर बाबाले सोधे- बाबाजी यो किन ? किन आँसु झार्‍यौं ?

बाबाजी, यो कुरा नसोध । म विगतलाई कोट्याउन चाहन्नँ ।

तर यो कसरी भयो ? भन, मन हलुङ्गो हुन्छ । म पनि भनुँला मेरो आत्मकथा ।

उसले एकएक गरी आफ्नो जीवनको कथा सुनायो । अन्त्यमा उसले भन्यो- यी मेरा छोराबुहारी हुन् । त्यो बूढो गोरे हो, उनीहरूको ईश्वरीय पिता ।

कथा सकिंदा नसकिंदै अर्को बाबाको मुटुमा भक्कानो परेर आयो । उसलाई डाहा-छटपटी भयो । उकुस-मुकुस भयो । आँखाबाट आँसु झरे । उसलाई असɲय भयो । बाबा‘बाबा‘ भन्दै रुन थाल्यो ।

मेरा दुःखले चोट पुगेजस्तो छ भन्दै पहिलो बाबा सुम्सुम्याउन थाल्यो । ल भैगो अब म केही भन्दिनँ ।

हैन बाबाजी हैन । यी मेरो पापको प्रतिफल हो । मेरो दुष्ट्याईंको फल भोग्दै छु म । तिम्रो सुन्दर संसारको तहस नहस गर्ने हाकिम मै हु, बाबा मै हुँ । अब म मुख देखाउन लायक छैन । बिदा ! अर्को जन्ममा तिम्रो ऋण तिरौंला । तर पैसाले हैन सेवाले । माया, ममताले । अर्को जन्ममा‘ । क्षणिक स्तब्धतापछि उसको काखमा हाकिमको पार्थिव शरीर बज्रियो ‼ फेरि एकपटक वियोगको पहाड बज्रे जस्तै पीडा दिएर !!!

*छम्पी २, ललितपुर*